नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## विभागको मोबाइल फुड ल्याब भ्यान प्रयोग गरी अस्पतालहरुमा संचालित चमेनागृहको निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसंग रहेको मोबाइल फुड ल्याव भ्यानको पुनः संचालन २०८१ साल असोज देखि ल्याएको छ। यस मोबाइल फुड ल्याब भ्यान हालै विभागले स्थानीय तह काठमाडौं महानगरपालिका लगायत संग सहकार्य गरी संयुक्त रुपमा निरीक्षण अनुगमन गर्ने कार्य शुरुवात गरेको छ। यो अत्याधुनिक सुविधा सहितको मोबाइल फुड ल्याब भ्यान संचालन गरी खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर नियमन कार्यमा सहकार्य गर्ने गरी मिति २०८१/१२/०४ गते विभाग र महानगरपालिका बीच समझदारी गरिएको थियो। सोही बमोजिम निरीक्षण अनुगमन गर्ने क्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको मोबाइल फुड ल्याब भ्यान संचालन गरी काठमाडौं महानगरपालिकासंगको सहकार्यमा विभागका खाद्य विश्लेषक श्री सुशन निरौलाको नेतृत्वममा विभागका खाद्य निरिक्षण अधिकारीहरु तथा का.म.न.पा.का प्राविधिक कर्मचारीहरु समेतको संयुक्त टोली मार्फत मिति २०८२/०१/०८ गते वीर अस्पताल तथा राष्ट्रिय ट्रमा सेन्टर, रत्नपार्कमा र मिति २०८२/०१/०९ गते शिक्षण अस्पताल, महाराजगन्जमा संचालित चमेनागृहहरुको स्थलगत निरीक्षण अनुगमन तथा खाद्य पदार्थको नमूना परिक्षण गरिएको छ।

वीर अस्पताल स्थित सुनिल क्यान्टिन निरीक्षण अनुगमन गर्दा सरसफाईमा सुधार गर्नुपर्ने देखिएको, केहि खाद्य पदार्थमा लेवल बिवरण पूर्ण नभएको खाद्य पदार्थ संचयन तथा प्रयोग गरेको, भाडा धुने तथा खाना पकाउने ठाउँ संगसंगै रहेको र पकाएको र नपकाएको खाद्य पदार्थ संगसंगै भण्डारण गरेको पाइएको थियो। उक्त क्यान्टीनमा बिक्रीवितरण भइरहेका पिउने पानीको ३ बटा, दूधको १ बटा, महको १ बटा तथा तेलको १ बटा नमूना विभागको मोबाइल फुड ल्याव भ्यानमा परिक्षण गरिएकोमा नमूनामा कैफियत नपाएको। सो क्यान्टिनलाई सरसफाईमा सुधार गरी खाद्य स्वच्छता ध्यान दिन, पकाउने र भाँडा माझ्ने ठाउँ छुट्टाछुट्टै राख्न र लेवल बिवरण पूरा भएका खाद्य पदार्थ प्रयोग गर्न निर्देशन दिइएको छ।

यसै गरी वीर अस्पतालमा संचालित गुजेश्वरी होटल प्रा.लि., वीर अस्पताल शाखा निरीक्षण अनुगमन गर्दा सरसफाईमा संतोषजनक नरहेको, दूधमा लेवल बिवरण पूर्ण नभएको, फ्रिजमा भण्डारण व्यवस्थित नपाइएको तथा पकाएको र नपकाएको खाद्य पदार्थ संगसंगै भण्डारण गरेको पाइएको थियो। उक्त होटलमा बिक्रीवितरण भइरहेको दूधको १ बटा तथा तेलको १ बटा नमूना विभागको मोबाइल फुड ल्याब भ्यानमा परिक्षण गरिएकोमा नमूनामा कैफियत नपाएको। सो होटललाई सरसफाईमा सुधार गरी खाद्य स्वच्छता ध्यान दिन, पकाउने र भाँडा माझ्ने ठाउँ छुट्टाछुट्टै राख्न र लेवल बिवरण पुरा नभएका खाद्य पदार्थ नष्ट गरी पूर्ण लेवल बिवरण भएको खाद्य पदार्थ प्रयोग गर्न निर्देशन दिइएको छ।

शिक्षण अस्पताल, महाराजगन्ज स्थित एम बी चमेनागृह निरीक्षण अनुगमन गर्दा सरसफाई तथा ड्रेनेजको अवस्था सुधार गर्नुपर्ने देखिएको, चमेनागृहको झ्याल तथा ढोकामा जालि लगाउनु पर्ने देखिएको, फोहोरको

व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिएको, भूईको टायल फुटेको पाइएको थियो। उक्त क्यान्टीनमा बिक्रीवितरण भइरहेका पिउने पानीको १ बटा, दूधको १ बटा, तथा तेलको १ बटा नमूना बिभागको मोबाइल फुड ल्याब भ्यानमा परिक्षण गरिएकोमा नमूनामा कैफियत नपाएको। सो चमेनागृहलाई सरसफाई तथा ड्रेनेजमा सुधार गर्न, फोहर व्यवस्थापन गर्न र भुई भित्ताका टायल मर्मत गरी सुधार गर्न निर्देशन दिइएको छ।

यसै गरी शिक्षण अस्पतालमा संचालित सिद्धार्थ स्वीट एण्ड बेक्स प्रा. लि. निरीक्षण अनुगमन गर्दा सरसफाईमा सुधार गर्नुपर्ने देखिएको, केहि खाद्य पदार्थमा लेबल बिबरण पूर्ण नभएको खाद्य पदार्थ संचयन तथा प्रयोग गरेको र भाडा माझ्ने तथा खाना पकाउने ठाउँ संगसंगै रहेको पाइएको थियो। उक्त क्यान्टीनमा प्रयोग गरिरहेको तेलको १ बटा नमूना बिभागको मोबाइल फुड ल्याब भ्यानमा परिक्षण गरिएकोमा नमूनामा कैफियत नपाएको। सो क्यान्टिनलाई सरसफाईमा सुधार गरी खाद्य स्वच्छता ध्यान दिन, खानेकुरा पकाउने र भाँडा माझ्ने ठाउँ छुट्टाछुट्टै व्यवस्था गर्न र लेबल विबरण पुरा भएका खाद्य पदार्थ प्रयोग गर्न निर्देशन दिइएको छ।

उक्त अस्पतालहरुमा संचालित चमेनागृह, क्यान्टिन तथा होटलको स्थलगत निरीक्षण अनुगमन तथा बिक्रीवितरणमा रहेका दूध, मह, तेल तथा पिउने पानीका १२ बटा नमूना सकंलन गरी तत्काल विभागको मोबाइल फुड ल्याब भ्यान मार्फत स्थलगत परिक्षण गरेको थियो। उक्त क्यान्टिन तथा होटललाई सरसफाईमा ध्यान दिन र खाद्य पदार्थको भण्डारण व्यवस्थित गर्न निर्देशन दिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि अनुरोध छ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८२/०१/०९